# स्थानीय- राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १ | संख्याः ६२ | मितिः २०७८/०७/३०

भाग-२

## जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहीद भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि,२०७८

## भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

प्रमुख

Scanned with CamScanner

# जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहीद भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि - २०७८

प्रमाणिकरण मिति २०७८/०७/३०

**प्रश्तावना :**

संघीय लोकतान्त्रिक गणतन्त्र प्रासिका लागि भएका जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका राजनैतिक आन्दोलनहरूमा जीवन उत्सर्ग गर्ने शहीद , मृतक, वेपत्ता परिवारलाई द्वन्द्वको पीडा कम गर्न "जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा पीडित भएका व्यक्ति वा परिवारका सदस्यका साथ भरतपुर महानगरपालिका" भन्ने नाराका साथ, जनआन्दोलनमा शहीद, मृतक तथा वेपत्ता पारिएका व्यक्ति वा तिनका परिवारलाई जीवन निर्वाह आर्थिक सहायता राहत अनुदान कार्यक्रममा सहयोग गर्ने अभिप्रायले आ.व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेटमा भएको व्यवस्था कार्यान्वयन गर्न भरतपुर महानगरपालिकाले यो कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भः

१. यस कार्यविधिको नाम जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका राजनैतिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने शहीद, मृतक तथा वेपत्ताका परिवारलाई सहायता गर्ने सम्वन्धी कार्यविधि २०७८ रहेको छ।

२. यो कार्यविधि भरतपुर महानगरपालिकावाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

## २. परिभाषाः

१. "शहीद, मृतक, वेपत्ता परिवार" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्रासिका लागि भएका सबै किसिमका राजनैतिक आन्दोलनहरूमा जीवन उत्सर्ग गर्ने शहीद, मृतक तथा वेपत्ता पारिएका परिवार भन्ने सम्झनु पर्छ ।

२. "परिवार" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्रासिका लागि भएका जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका राजनैतिक आन्दोलनहरूमा जीवन उत्सर्ग गर्ने शहीद, मृतक तथा वेपत्ता परिवारसँग- वस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्म सन्तान, नातिनातिना, वावुआमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरूष र महिलाको हकमा बाजेबजै तथा विवाहिता महिलाको हकमा निजको सासु/ससुरा समेतलाई जनाउँछ।

३. "महानरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्छ।

४. "सहायता प्राप्त गर्ने व्यक्ति" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्रासिका लागि भएका सबै किसिमका राजनैतिक आन्दोलनहरूमा जीवन उत्सर्ग गर्ने शहीद, मृतक तथा वेपत्ता परिवारका व्यक्ति सम्झनु पर्छ ।



Scanned with CamScanner

३. सहायताको लागि निवेदन दिनुपर्ने

१. यस कार्यविधी वमोजिम सहायता प्राप्त गर्नका लागि जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका राजनैतिक आन्दोलनहरूमा शहीद, मृतक तथा वेपत्ता पारिएका व्यक्तिका परिवारले: अनुसूची १ वमोजिमको ढाँचामा महानगरपालिकामा निवेदन दिनुपर्छ।

२. दफा ३ वमोजिम प्राप्त निवेदनका आधारमा महानगरपालिका नगरकार्यपालिका कार्यालयले सहायता प्राप्त गर्ने परिवार र व्यक्तिको सूची प्रकाशन गर्नेछ।

४. सहायताको सीमा :

यस कार्यविधि वमोजिम सहायता प्राप्त गर्न देहाय वमोजिम अनुदान रकम पाउनेछन् ।

१. शहीद, मृतक तथा वेपत्ता परिवार निर्वाह आर्थिक राहत सहायता राहत अनुदान जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका राजनैतिक आन्दोलनहरूमा जीवन उत्सर्ग गर्ने शहीद, मृतक तथा वेपत्ता परिवारका एक जनाको दरले प्रतिव्यक्ति प्रति महिना रू. २०००।- (दुई हजार)का दरले जीवन निर्वाह आर्थिक राहत उपलव्ध गराइनेछ।

५. सहायता प्राप्त गर्ने कार्यविधि :

१. यस कार्यविधि वमोजिम सहायता जिल्ला प्रसासन कार्यालय चितवन वाट प्राप्त अभिलेखलाई आधार मानी भरतपुर महानगरपालिकाभित्रका दफा ३ को उपदफा २ वमोजिम सूचीमा समावेश भएका परिवारका व्यक्तिलाई मात्र वितरण गरिनेछ।
तर यस व्यवस्थाले जिल्ला प्रशासन कार्यालय चितवनको अभिलेखमा नरहेको हकमा सत्य निरुपण तथा मेलमिलाप आयोगवाट जारी गरेको परिचयपत्र पेश गरेको व्यक्तिलाई सहायता रकम उपलव्ध गराउन वाधा पुगेको मानिने छैन ।

२.यस कार्यविधि वमोजम सहायत प्राप्त गर्ने व्यक्तिले सहायता माग गर्दा अनुसुचि १ वमोजिमको ढाँचामा देहायको कागजात संलग्न गरी भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्दछ।

क. नेपाली नागरिकताको प्रतिलिपी

ख. आधिकारिक निकायवाट जनयुद्ध तथा सवै प्रकारका जनआन्दोलनमा शहीद भएका तथा वेपत्ता पारिएका परिवार जारी भएको परिचय पत्र वा नेपाल सरकारको आधिकारिक निकायवाट सो व्यहोरा वमोजिमको व्यक्ति भनी सूचीकरण भएको पुष्टयाई गर्ने कागजात ।

ग. सम्वन्धित माग निवेदनसंग पुष्टयाई हुने अन्य कागजातहरु ।

घ.भरतपुर महानगरपालिकामा स्थायी वसोवास गरेको प्रमाण।

ङ.सम्वन्धित वडाको सिफारिस पत्र।



Scanned with CamScanner

६. **सहायता सिफारिस समिति :**

१. यस कार्यविधि बमोजिम सहायता सिफारिस गर्ने र कार्यक्रमको सदुपयोग सुनिश्चितता प्रदान गर्न देहाय बमोजिमको एक सहायता सिफारिस समिति हुनेछ ।

| | | |
|---|---|---|
| क. | नगर प्रमुख, भरतपुर महानगरपालिका, | संयोजक |
| ख. | नगर उपप्रमुख, भरतपुर महानगरपालिका | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत, भरतपुर महानगरपालिका | सदस्य |
| घ. | कानुन अधिकृत कानुन शाखा, भरतपुर महानगरपालिका | सदस्य |

ङ. प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले स्थानीय समितिको सचिवको रूपमा काम गर्नेछ।

२. स्थानीय समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ :

क. प्राप्त हुन आएका निवेदन उपर छानविन गर्ने ,

ख. मनासिव देखिएका निवेदनउपर तोकिए बमोजिमको सहायता रकम उपलब्ध गराउन सिफारिस गर्ने।

ग. सहायता रकम प्रभावकारिताको अनुगमन गर्ने।

७. **बजेट निकासा प्रकृया :** सहायता सिफारिस समितिको निर्णयवाट सिफारिस भई आएका निवेदन अनुसार लाभाग्राहीलाई बैंक खातामार्फत् सहायता रकम उपलब्ध गराउने।

८. **सहायता रकमको सीमा :** यस कार्यविधि बमोजिमको सहायता रकम विनियोजित रकमको सीमाभित्र रहेर उपलब्ध गराईने छ।

९. **दोहोरो सहायता लिन नहुने :** संगोलमा वसेका एक परिवारका लागि एक सदस्यलाई मात्र सहायता उपलब्ध गराइने छ। असक्त, एकल र जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता तथा निवृतीभरण पाउनेको हकमा यसले बाधा पुऱ्याएको मानिने छैन्।

१०. **झुठा विवरण पेश गरी आर्थिक सहायता लिनेलाई कारबाही :** झुठा विवरण पेश गरी रकम सहायता लिएको पाइएमा सम्वन्धित व्यक्तिवाट बुझी लगेको रकम र झुठा विवरण पेश गरी लिएको रकम असुल उपर गरिनेछ।



Scanned with CamScanner

अनुसूची १
दफा ५ को उपदफा (२) सँग सम्बन्धित

पासपोर्ट साइजको फोटो

श्री संयोजकज्यू,
सहायता सिफारिस समिति,
भरतपुर महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
भरतपुर, चितवन।

म राजनैतिक आन्दोलनमा शहीद, मृतक तथा वेपत्ता परिवार भएकोले **"जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहीद, मृतक तथा वेपत्ता पारिएका परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि २०७८"** को दफा ३ बमोजिमको निम्न लिखित् कागजात संलग्न गरी सहायता रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु। यसमा लेखिएको व्यहोरा सही सत्य हुन्। झुट्टा ठहरे कानुन बमोजिम सहुँला/बुझाउँला।

संलग्न कागजात

१. नेपाली नागरिकताको प्रतिलिपि १ प्रति।
२. हालसालै खिचेको फोटो २ प्रति।
३. जनयुद्ध तथा सबै प्रकारका जनआन्दोलनमा शहीद भएका तथा वेपत्ता पारिएका परिवार खुल्ने कागजात ।
४. भरतपुर महानगरपालिकाभित्र स्थायी बसोबास गरेको प्रमाण।
५. सम्बन्धित माग पुष्टयाई हुने अन्य कागजातहरु।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

बैंक खाता सम्बन्धी विवरण:
बैंकको नाम:
शाखा:
खाता नं.:

निवेदकको नाम/थर :
ठेगाना :
दस्तखत :
मिति :
सम्पर्क नं.:



Scanned with CamScanner